# श्रृंगारदेखि वैराग्यसम्म

आजभन्दा करिब २ हजार वर्षपूर्व उज्ज्यैन भारतवर्षको राजधानी थियो । त्यस बेलाका दुई प्रतापी दाजुभाई राजा विक्रमादित्य र राजा भतृहरि आज पनि हिन्दूजगतमा प्रसिद्ध छन् । यी दुबै मालवा नरेश गन्धर्व सेनका पूत्र थिए । राजा भतृहरि जेठा र विक्रमादित्य कान्छा थिए । विक्रमादित्य सानै देखि अनुशासनप्रिय, नियमनिष्ठ र विवेकशील थिए तर भतृहरि संस्कृतका विद्वान, दाशर्निक, भावुक, सज्जन, काव्य हृदयका रसिक र स्वच्छद् प्रकृतिका थिए । राजपाठका लागि आवश्यक सबै गुण विक्रमात्यिमा देखेकाले राजा गन्धर्व सेनले उनलाई नै राज्याभिषेक गरी राजकाज दिन चाहान्थे । तर विक्रमादित्यले पिताको यो निर्णयलाई नीतिविपरित भनी स्विकार गरेनन् र भतृहरिलाई राजपद दिन लगाए । भतृहरिपनि आफ्ना कान्छा भाईलाई अत्यन्त विश्वास र स्नेह गर्थे, उनले भाई विक्रमादित्यलाई प्रधानमन्त्री बनाई राजकाजको सारा जिम्मेवारी जिम्मा लगाई आफ्नो स्वभाव अनुसार सौन्दर्य र काव्यरसभोगमा डुब्थे ।

भतृहरिकी दुई सुन्दर पत्नि थिए । तरपनि रूप लावण्य परिपूर्ण किशोरी पिङ्गलालाई देखेपछि उनले तेस्रो विवाह गर्ने निर्णय गरे । पिङ्गला अत्यन्त रूपवती हुनुका साथै धूर्त र चलाक थिई । प्रौढावस्थामा विवाहित कान्छी श्रीमती त्यसैपनि प्यारी हुन्छे, सौन्दर्यता, चलाखिपनको पासमा बाँधिएका भावुक हृदयका भतृहरिलाई सजिलै कटपुतली बनाई पिङ्गलाले आफू खुसी राजकाजका निर्णय राजाबाट गराउन थाली । पिङ्गलाका कतिपय निर्णय नीति विपरित हुन्थे र त्यो विक्रमादित्यलाई असह्य हुन्थ्यो । रानी पिङ्गला जति रूपवती र चलाख थिई त्यति कै चरित्रहीन र धोकेवाज थिई । राजा भतृहरिलाई आफ्नो रूपमा गुलाम बनाईसकेर पनि उसलाई सन्तोष भएन । विक्रमादित्यलाई पनि आफ्नो रूपपासमा बाधेर आफ्नो गुलाम बनाउन ऊ चाहान्थी । विक्रमादित्य चरित्रवान् भएकाले त्यसमा उ असफल भई । तर राज्यका अश्वशाला प्रमुख अत्यन्त वलिष्ठ तथा कामकलामा अति निपूर्ण युवा चन्द्रचुर पिङ्गलाको शिकार बन्न पुगे । चन्द्रचुरको कामशक्तिबाट मोहित पिङ्गला राजासँग भने प्रेम र समर्पणको स्वाङ्ग रच्थी तर उसको सर्वस्व भने चन्द्रचुर मै निछावर थियो ।

कवि रहिमको पद छ, ‘खैर, खुन, खासी, खुसी, वैर, प्रीत, मधुपान
रहिमन दावे ना दवे जानत सकल जहां’

(पानको कथ्था, हत्या, खोकी, आनन्द, दुश्मनी, प्रेम, मद्यपान यी कुराहरू जति दबाएपनि दब्दैनन्, संसारले यसका बारेमा थाहा पाइहाल्छ ।)

यो कथन अनुरूप चन्द्रचुर र पिङ्गलाको प्रेमपनि धेरै दिन लुक्न सकेन । सबैभन्दा पहिले यसको भनक विक्रमादित्यलाई भयो । भाउजुको कुकृत्यबाट उनी पहिलेदेखिनै दुखी थिए । तर अब परिवारको प्रतिष्ठा नै गुम्ने स्थिति आएपछि विक्रमादित्यलाई असह्य वेदना भयो । दाजु उसको रूपजालमा पूर्णरूपले मोहित भएकाले यो कुरा दाजु भतृहरिलाई कसरी बुझाउने भन्ने चिन्ताले उनी ग्रस्त भए । पिङ्गलापनि अति चलाख भएकीले आफ्नो अवैध सम्बन्धको बारेमा विक्रमादित्यले चाल पाईसकेको उसले थाहा पाई र आफ्नो सुरक्षाका लागि राजा भतृहरिप्रति अरु स्नेह र प्रेमको नाटक रच्न थाली मानौं ऊ भतृहरि बिना एकपल पनि बाच्न सक्दिन । सहवासका

क्षणमा स्त्रीले लट्ठ परेको पुरुषको कानमा जे भर्छे त्यो पुरुषको हृदयले सोझै स्विकार गर्छ । यस्तै क्षणहरूमा पिङ्गलाले पनि भतृहरिलाई विक्रमादित्यका विरुद्धमा नानाथरीका कुरा लगाउन थाली - 'विक्रमादित्यको चरित्र राम्रो छैन्, आमा सरह म भाउजुप्रतिपनि उनको कुदृष्टि छ साथै यस नगरसेठकी भरखरै बिहे गरेकी बुहारीप्रति पनि उसको दृष्टि राम्रो छैन । अलिकति आफ्नो भाईमा पनि नजर राख्नुहोला । उसले त हाम्रो राजवंशको इज्जतै माटोमा मेटाउन थाल्यो, इत्यादि, इत्यादि ।' सहवासका मदहोस क्षणमा सुनिएका यी शब्दहरू कवि हृदयी भतृहरिको अचेतनमा गएर बसे ।

एकदिन खप्न नसकी मौका छोपेर विक्रमादित्यले भाउजुको कुकृत्यको बारेमा भतृहरिलाई सचेत गराउने चेष्टा गरे, 'दाजु, तपाईं भाउजुलाई अत्यन्त विश्वास गर्नुहुन्छ तर मैले उहाँको चरित्रको बारेमा केही शंकास्पद कुराहरू देखिरहेको छु ।' पिङ्गलाबाट सुनेको कुराले सम्मोहित भतृहरि एकदम रिसाए र केही सुन्नै नखोजी उनले हप्काए, 'विक्रमादित्य मैले सबै बुझेको छु, तिमीले किन देवीसरह पिङ्गलाको बारेमा यस्ता अपशब्द बोल्दैछौं । मेरो नजरबाट हटिहाल, मेरो रिसको कोपमा पऱ्यौं भने राम्रो हुनेछैन ।' जति बुझाउन खोजेपनि भतृहरिले उनको कुरा सुन्न मानेनन् अझ उग्र भए । भविष्यमा हुने ठूलो दुर्घटनाको आशंकाले चिन्तित उनी भतृहरिको कोठाबाट बाहिरिए ।

पिङ्गलाले नगरसेठलाई बोलाई एक षडयन्त्र रच्दै भनी 'मेरो योजनाअनुसार काम गरे राज्यबाट अनेक सहयोग पाउछौ नत्र सारा परिवार नष्ट गरिदिन्छु' भनी भयानक धम्की दिई । नगरसेठलाई थाहा थियो राजा भतृहरि पिङ्गलाको औलाको इसारामा नाच्छन् र उसको कुरा नमाने ठूलो विपत्ति आइलाग्ने निश्चित छ । यही डरले नगरसेठ रानीले भनेअनुसार गर्न तयार भए । अर्को दिन नगरसेठले राजाको दरबार मै आएर न्यायको गुहार माग्न थाले । राजाले के अन्याय भयो भनेर सोध्दा सेठले भने, 'तपाईंको भाई विक्रमादित्य हाम्रो परिवारले भरखरै भित्र्याएकी हाम्री बुहारीप्रति आसक्त छन् र उसलाई फकाउन अनेक दूत र दासी पठाइरहन्छन् । हामीले प्रतिरोध गरे हाम्रो ज्यान लिने धम्की पठाउँछन् । न्याय पाउँ महाराज' यो सुनी भतृहरि रिसले बले र उनले विक्रमादित्यलाई बोलाई 'तिमी मेरो प्रिय भाई भएकोले ज्यान बक्स दिन्छु तर मेरो राज्यसीमाबाट बाहिर गइहाल' भनी आदेश दिए । विक्रमादित्यले सत्य बुझाउने प्रयास गरे । तर काममा अन्धो भतृहरिले केही सुन्न चाहेनन् । यो देखी विक्रमादित्यले भने, 'एकदिन यो अन्यायको लागि तपाईंले धेरै पछुताउनु पर्नेछ र मलाई यादगरी धेरै रुनुपनि पर्नेछ । म परमात्मासँग प्रार्थना गर्छु कि तपाईंको मंगल होस् र छिटै सद्‌बुद्धि पनि आवोस् ।' यति भनी उनी दरबारबाट बाहिरिए र वनमा गई तपस्या गर्न थाले ।

अब रानी पिंगलाको प्रत्यक्ष शासन चल्न थाल्यो । यसरी केही केही वर्ष बिते । सोहि राज्यका एक गरिब ब्राह्मण एकपटक आफ्नो इष्टदेवलाई सिद्ध गर्न घनघोर तपस्या गरिरहेको थिए । कथा छ कि उनको तपस्याबाट प्रसन्न भई उनका इष्टदेवले उनलाई दर्शन दिएर भने, 'तिम्रो तपस्याबाट म प्रसन्न छु । म तिमीलाई यो सतायु फल दिंदैछु । यो फल खाएपछि तिमी सय वर्षसम्म तिमी युवा र स्वस्थ बाच्नेछौ ।' ति ब्राह्मणले सोचे, 'म गरिबले सयबर्षसम्म बाचेर के गर्ने ? बरु यो फल राजालाई दिएँ भने उनले सयवर्ष आयुसम्म राजकाज चलाउनेछन् र भोग

गर्नेछन् अनि प्रसन्न भएभने मलाई पनि केही धन पनि दिनेछन् जसबाट मेरो व्यवहार पनि चल्नेछ ।' यही सोची त्यो फल लिई राजा कहाँ आइपुगे । राजा भतृहरि त्यो गरिब ब्राह्मणको आफुप्रतिको प्रेम र भक्ति देखी अति प्रसन्न भए र उसलाई अथोचित्त दान दिई बिदा गरे । राजाले सोचे, 'यो फल मैले आफै खानु सट्टा आफ्नी प्राण प्यारी रानी पिंगलालाई दिए भने उनको सौन्दर्यता सधै नुतन रहिरहन्छ र म उनीसँग सयवर्षसम्म भोग गर्न सक्छु ।' यही सोची त्यो फल लिएर उनी रनीवास तिर लागे र रानीलाई फल दिई सबै वृत्तान्त सुनाए । रानी पिङ्गलाले नखरा गर्दै भन्न थालिन्, 'प्राणनाथ यो त तपाईंले नै खानुपर्छ ।' तर राजाको अतिआग्रहपछि पिङ्गलाले भनी, 'यो देवताको फल त्यतिकै खानु हुँदैन, म नुहाएर पूजा गरी पवित्र भएर यो फल ग्रहण गर्नेछु, तपाईं निश्चिन्त भएर आफ्नो राजकाज हेर्नुस् ।' राजा कोठीबाट बाहिरिनै बित्तिकै पिङ्गलाको मनमा अर्को विचार आयो र उसले आफ्नो गुप्तप्रेमी चन्द्रचुरलाई बोलाउन पठाई र उसलाई अलिङ्गनमा भर्दै त्यो सतायु फलको बारेमा बताई र भनी, 'यो फल तिमी खाउ र लामो समयसम्म मलाई यसरी नै प्रचण्डवेगले कामतृप्ति गराईराख ।' चन्द्रचुर त्यो सतायु फल लिएर घर आइपुगे । चन्द्रचुरको ह्रदय उज्जयनकी अति सुन्दरी नगरवधु रूपलेखाप्रति अतिशय आसक्त थियो । उनले सोचे, 'यदि यो फल मैले रूपलेखालाई दिएँ भने उसको यौवन सयवर्षसम्म यस्तै आर्कषक भइरहन्छ र म उनको शरीरको भोग गरिरहन पाउँछु ।' यो सोची उनी रूपलेखाको नाट्यशालामा आइपुगे र उसलाई भने, 'अहिलेसम्म मैले तिमीलाई केही बहुमूल्य उपहार दिनसकेको छैन आज तिम्रो लागि मैले अमूल्य उपहार लिएर आएको छु' यति भन्दै सतायु फलकोबारेमा बताउँदै उसलाई दिए । रूपलेखा त्यो फल पाएर खुसी भई र उसले भनी, 'म यो फल भोलि बिहान नुहाएर चोखो भएर खानेछु ।' तर राति उसका मनमा अनेक विचार खेल्न थाले, 'कुन जन्म पापले यस जन्ममा मलाई अनेक पुरुषसँग सहवास गरिरहनु परेको छ, अब म सयवर्षसम्म जवानै भइरहें भने आज जुन पुरुषले भोग्छ भोलि उसको छोरा र पर्सि उसको नातिले पनि आएर मलाई भोग्नेछन् । अब यो अधम शरीरलाई अझ जवान बनाएर पापै मात्रै किन कमाउनु ?' एकचोटि उसले सोचि यो फल फालिदिउँ तर मनमनै उसको राजा भतृहरि प्रति गहिरो आसक्ति थियो । प्रेमी राजा भतृहरिको सौन्दर्य, काव्यप्रेम र विद्वताबाट उ अत्यन्त प्रभावित थिई । 'यदि यो फल खाएर राजा सयवर्षसम्म बाचे भने मलाई पनि उनले प्रसन्न राख्नेछन् र राज्यको पनि कुशल संचालन गर्नेछन् र यो फल मैले उनलाई दिएभने म उनको विशेष कृपापात्र हुनेछु ।' यो सोच्दै उ राजमहल गई । रूपलेखाको नृत्य, संगीत र सौन्दर्यको भतृहरि ठूलो प्रशंसक थिए त्यसकारण उसलाई राजालाई एकान्तमा भेट्न कुनै कठिनाई भएन । अनुपम रूप, सौन्दर्य र मूल्यवान् सृंगारमा सजिएकी रूपलेखाले आफ्ना सुकोमल हातले राजाको हातमा त्यो अद्भूत फल राख्दै भनी, 'महाराज, आज मैले यो अदभूत् फल प्राप्त गरेकी छु, मैले खाएभने पाप मात्रै कमाउँछु, तपाईंले खानुभयो भने सारा प्रजापनि सुखी हुन्छन् ।' रूपलेखा भतृहरिको गुणगान गाउँदै थिई त्यो फल देखेर भतृहरिको होस उडिसकेको थियो । उनीभित्रको सारा मोह, प्रेम, रसरंग एकै क्षणमा वाफ बनेर उडिसकेको थियो । उनले कड्किदैं सोधे, 'यो फल तिमीलाई कसले दियो ?' राजाको रुद्ररूप देखेर रूपलेखा भयभित भई त्यो फल चन्द्रचुरले दिएको स्विकारी । तुरुन्तै राजाले चन्द्रचुरलाई समातेर हाजिर गराउने आज्ञा दिए । चन्द्रचुरलाई त्यो सतायु फल देखाउदै सोधे, 'साचो बताउ यो फल तिमीले कहाँबाट पायौं नत्र अहिले नै तिम्रो शिरोच्छन हुनेछ ।' भयभित चन्द्रचुरले यो रानी पिङ्गलाबाट पाएको बताउँदै रानीसँगको आफ्नो प्रेम सम्बन्धको सत्य ओकले । राजा भतृहरिको सारा मोह, प्रेम एकैक्षणमा विलिन भयो र उनमा तत्क्षण गहन

वैराग्यको जन्म भयो। राजा भतृहरि सामान्य राजा भएका भए चन्द्रचुर र रानी पिङ्गला दुबैलाई प्रतिशोधको भावले मृत्यु दण्ड दिन्थे होला तर उनमा निर्मल ज्ञानका उदय भयो। त्यस क्षण उनले आफ्नो यो प्रसिद्ध श्लोक बोले जसको अर्थ हुन्छ, 'म शतत् जसको चिन्तन गरिराख्छु, त्यो अन्य पुरुषलाई चाहान्छे, र त्यो अन्य पुरुष चन्द्रचुर पिंगलालाई चाहान्न नतर्की रूपलेखामाथि मर्छ। त्यो नतर्की रूपलेखा मलाई प्रेम गर्छे। धिक्कार छ त्यो रानीलाई, धिक्कार त्यो चन्द्रचुरलाई, धिक्कार छ त्यस रूपलेखालाई र धिक्कार म स्वयम्लाई र सबैभन्दा बढी धिक्कार छ त्यसकाम देवलाई जसको वशिभूत भई मान्छे यस्तो निच कर्म गर्न विवश छ'। यो कथन भतृहरि शतकम्को वैराग्यशतकको पहिलो श्लोक बन्न गयो।

राजा भतृहरिलाई आफ्नो प्रिय भाई विक्रादित्यका अन्तिम शब्दहरू याद आए र उनले वनमा गई भाईलाई खोजे र भाई विक्रमादित्यको राज्याभिषेक गरी राजपाठको कार्य उनलाई जिम्मा दिए। तिनै पराक्रमी राजा विक्रमादित्यको नाउँमा विक्रम सम्वत चल्यो। कुनै बेला मोह र काममा लिप्त तिनै राजा भतृहरि आफ्नो तपोवलले प्रसिद्ध योगी बने जसबाट रचित श्रृंगार, नीति र वैराग्यका सयसय श्लोक 'भतृहरि शतक्' का नाममा विश्व साहित्यका अनमोल निधि बन्न पुगे।

osho@tapoban.com